## मैवाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## साँघु, ताप्लेजुङ

**स्थापना: २०७३**

आ.व.-२०८०/८१ (१ नं. प्रदेश नेपाल)

(कार्यपालिका बैठक) मिति:२०८०/०५/०८

---

बैठक सुरू समय: विहान ८ बजे बैठक संख्या: २

बैठकको अध्यक्षता: विजय प्रकाश वनेम

**उपस्थिति:**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री रिता शेर्पा | सदस्य | |
| १० | श्री पासाङ ग्याबु शेर्पा | सदस्य | |
| ११ | श्री बिनु लिम्बु | सदस्य | |
| १२ | श्री तुलसा बराईली | सदस्य | |
| १३ | श्री सुनिता फागो | सदस्य | |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | |
| १५ | श्री लक्ष्मी माया गोम्देन | सदस्य सचिव | |

मैवाखोला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
साँघु,ताप्लेजुङ
स्था: २०७३

आ.व.-०८०/८१ (१ नं. प्रदेश, नेपाल)

बैठक सं. २ मिति: २०८०।०५।०८

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०५/०८ गते बसेको दोस्रोबैठकको निर्णयहरू:

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
|---|---|---|
| १ | आजको यस बैठकबाट स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को आधारमा आवश्यक विज्ञ खटाई स्थानीथ आर्थिक विकास सर्वेक्षण प्रतिवेदन तयार गर्ने सर्व-सम्मतले निर्णय गरियो। | |
| २ | गाउँपालिकामा भू उपयोग नीति निर्माण गर्ने सक्षम जनशक्ति नभएको कारण परामर्शदाता छनौट गरी मैवाखोला गाउँपालिकाको भू-उपयोग नीति निर्माण प्रक्रिया अगाडि बढाउने सर्व-सम्मतले निर्णय गरियो। | |
| ३ | मैवाखोला गाउँपालिकाको कार्यालय भित्र रहेका हरेक शाखाहरूले निर्माण गरेका वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना आजको बैठकले अनुमोदन गर्ने सर्वसम्मतले निर्णय गरियो। | |
| ४ | कक्षा-८ सञ्चालित विद्यालयहरूमा कक्षा ८ को कोचिङ कक्षा सञ्चालनका लागि प्रति विद्यार्थी रु ३०० का दरले ३ विषय (अङ्ग्रेजी, गणित र विज्ञान) को ३ महिनाका लागि दिने सर्व सम्मतले दिने निर्णय गरियो। | |
| ५ | सेवालुङ कन्स्ट्रक्सनद्वारा निर्माणाधीन प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुको १५ शैयाको भवन निर्माण कार्यको सम्झौता म्याद सकिएको तर सम्पन्न नभइसकेकोले थप ६ महिना सम्झौता म्याद थप गर्ने | |

| | | |
|---|---|---|
| | सर्वसम्मतले निर्णय गरियो। | |
| ६ | मैवाखोला गाउँपालिकाको आन्तरिक आय सङ्कलनसम्बन्धी कार्यविधि निर्माण गरी कार्यपालिकाको आगामी बैठकमा पेश गर्ने सर्वसम्मतले निर्णय गरियो । साथै आन्तरिक आय संकलनको निमित्त३ पटकसम्म सूचना प्रकाशन गर्दा समेत ठेक्काका लागि आवेदन नपरेको कारण स्थानीय राजस्व परामर्श समितिमा राय लिने निर्णय गरियो। | |
| ७ | मिति २०७९ भदौ १८ गते राष्ट्रिय भूमि आयोगसँग 'भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन सम्झौता भई मिति २०७९\१०\०६ गते गाउँपालिका स्तरीय सहजीकरण समिति गठन गरी मैवाखोला गाउँपालिकाका ६ वटै वडाहरूमा लगत सङ्कलन कार्य अगाडि बढाईरहेकोमा उक्त कार्यलाई यथासक्य चाँडो भन्दा चाँडो अघि बढाउने साथै लगत सङ्कलनको क्रममा रीत नपुर्याई भरेको फाराम सम्बन्धित वडामा नै पठाउने र त्यसलाई पूर्णता दिएर ल्याएमा स्वीकृत गर्ने यदि पूर्णता नदिई ल्याएमा सो फाराम रद्ध गर्ने साथै यस कार्यको लागि हालसम्मफोकल पर्सनको रूपमा खटिएको कृषि शाखामा कार्यरत कर्मचारी श्री सुरोज न्यौपानेको सट्टामा पञ्जीकरण शाखामा कार्यरत कर्मचारी श्री तम कुमार माङ्देनलाई जिम्मेवारी प्रदान गर्ने सर्वसम्मतले निर्णय गरियो । साथै 'भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सेवा केन्द्र गाउँपालिकाको कार्यालयमा खडा गर्ने निर्णय गरियो। | |
| ८ | मैवाखोला गाउँकार्यपालिकाको कार्यालयको भौतिक पूर्वाधार तथा योजना शाखामा छैटौँ तहको अधिकृत इन्जिनियर पद रिक्त रहेकाले उक्त पदमा लोक सेवाबाट स्थायी पदपूर्ति नभएसम्मलाई करार सेवामा नियुक्ति गर्न प्रकिया अगाडि बढाउने निर्णय गरियो । साथै उक्त पदमा प्रदेश लोकसेवा आयोगमा माग गर्ने र लेखा शाखामा आन्तरिक लेखा | |

| | | |
|---|---|---|
| | परीक्षकले लेखा सम्बन्धी काम कार्बाही भइरहेको हुँदा उक्त पदमा लेखा अधिकृत र योजना अधिकृत पद पनि रिक्तरहेकाले उक्त पदमा पनि प्रदेश लोकसेवा आयोगमा माग गर्ने सर्व-सम्मतले निर्णय गरियो । | |
| ९ | गाउँपालिकाको विभिन्न शाखामा रिक्त रहेका तपसिल बमोजिमका पदमा स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग कोशी प्रदेश, विराटनगरमा कर्मचारी माग गर्ने सर्व सम्मतले निर्णय गरियो ।<br><br><u>तपसिलः</u><br>१. योजना अधिकृत (सातौँ तह/प्रशासन/सामान्य प्रशासन) – १ जना<br>२. इन्जिनियर (सातौँ तह/इन्जिनियरिङ सिभिल) - १ जना<br>३. लेखा सहायक (पाचौँ तह/प्रशासन/लेखा) – १ जना<br>४. प्राविधिक सहायक (पाचौँ तह/कृषि/बालि संरक्षण) – १ जना<br>५. राजश्व सहायक (पाचौँ तह/प्रशासन/राजश्व) – १ जना<br><u>स्वास्थ्य तर्फः</u><br>१. हेल्थ असिस्टेन्ट (पाचौँ तह/स्वास्थ्य/हे.ई) – ५ जना<br>२. स्टाफ नर्स (पाचौँ तह/स्वास्थ्य/ज.न./क.न.) – २ जना<br>३. अ.हे.ब. (चौँथो तह/स्वास्थ्य/हे.ई) – ४ जना<br>४. अ.न.मी. (चौँथो तह/स्वास्थ्य/क.न./ज.न.) – ५ जना | |
| १० | यसै कार्यालयको भौतिक पूर्वाधार तथा योजना शाखामा कार्यरत असिस्टेन्ट सब इन्जिनियर द्वय विजय चोङ्बाङ र इनुषा न्यौपाने कार्यालयमा विदा स्वीकृत नगरी विदेश भ्रमणमा रहेको अप्रत्यक्ष रूपमा जानकारी प्राप्त हुन आएको तर निज व्यक्तिहरूलाई पत्राचार, फोन सम्पर्क तथा सामाजिक सञ्जालमार्फत समेत पटक पटक सम्पर्क गर्दा पनि सम्पर्कमा नआएकाले हाजिर हुन आउन ७ दिने सूचना निकालियो उक्त सूचना अनुसार हाजिर हुन नआएकाले पुनः अर्को सूचना निकाली आजको मितिमा ३ दिन व्यतित भइसकेको छ । यदि उक्त सूचनाको म्यादभित्र पनि हाजिर हुनका लागि निज व्यक्तिहरू उपस्थित नभएमा निज | |

| | | |
|---|---|---|
| | व्यक्तिहरूको कार्बाहीका लागि प्रदेश लोकसेवा आयोगमा परामर्श माग गर्ने निर्णय गरियो । | |
| १२ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगत विकास सहायता समन्वय शाखा को मिति २०८०\०५\०६ गतेको प्राप्त पत्रानुसार साना विकास परियोजना कार्यक्रम अन्तर्गत तोकिएको कार्यक्रमका निर्धारित क्षेत्रहरू  तथा आयोजनाको प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरू पुगेको मैवाखोला-२ तेम्बेमा अवस्थित प्राविधिक धार सञ्चालित मैवाखोला मा.वि. मा छात्रावास प्रयोजनका लागि ८ कोठे भवन आवश्यकता परेकोले साना विकास परियोजना अन्तरगत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने सर्व-सम्मतले निर्णय गरियो । | |